स्थानीय सरकार

# सोताङ गाउँपालिका

**Sotang Rural Municipality**

## गाउँ कार्यपालिकाको कार्यालय

**Office of the Rural Municipal Executive**

सोताङ, सोलुखुम्बु

Sotang, Solukhumbu

कोशी प्रदेश, नेपाल

**Koshi Province, Nepal**

प.सं. (Ref.No.):- २०८३/०८४

च.नं. (Des.No.):-

मिति: २०८३/०४/०७

ने. सं. ११४६, दिल्लाथ्व ०९, बिहिबार

**विषय: प्रशासनिक शिविर सञ्चालन हुने सम्बन्धी सूचना !!!**

प्रस्तुत विषयमा यस सोताङ गाउँपालिका स्थायी ठेगाना भई काठमाडौँ स्थित विभिन्न पेसा/व्यवसाय/अध्ययन गरेर अस्थायी बसोबास गरिरहेका नागरिकहरूलाई लक्षित गरी यस कार्यालय र मातहतका ५ वटै वडा कार्यालयहरूबाट प्रवाह गरिने सेवाहरू तपसिलको मिति, समय र स्थानबाट एकीकृत रूपमा सञ्चालन गरिने भएकाले काठमाडौँ उपत्यका तथा अन्य जिल्लामा अस्थायी रूपमा बसोबास गर्नुहुने सम्पूर्ण सोताङ बासी नागरिक, बुवाआमा, दाजुभाई तथा दिदीबहिनीहरूलाई उक्त शिविरमा सहभागी भई सेवा लिनुहुन यो सूचना प्रकाशित गरिएको छ। साथै सबै वडाहरूले आवश्यक तयारी तथा आफ्ना सेवाग्राहीहरूलाई सूचना प्रवाहको व्यवस्था गरी सहयोग गरिदिनुहुन निर्देशानुसार अनुरोध छ।

**प्रशासनिक शिविरमा प्रवाह हुने सेवाहरू:**

| क्र. सं. | सेवाहरू | कैफियत |
|---|---|---|
| १. | सामाजिक सुरक्षा भत्ता दर्ता तथा नवीकरण | |
| २. | मालपोत तथा भूमि कर संकलन | |
| ३. | प्रमाणपत्र सम्बन्धी (जन्म, मृत्यु, विवाह, बसाइँसराइ दर्ता तथा सम्बन्ध विच्छेद आदि) | |
| ४. | नयाँ राष्ट्रिय परिचय पत्र बनाइने तथा वितरण | |
| ५. | वडा कार्यालयबाट प्रदान गरिने सिफारिस, सम्पूर्ण प्रशासनिक तथा पञ्जिकरण सम्बन्धी सेवाहरू। | |

**प्रशासनिक शिविर सञ्चालन हुने:**

मितिः २०८३ श्रावण १८ र १९ गते।

समयः विहान ठिक ८:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म।

स्थानः ए वान पार्टी प्यालेस, चाबहिल, काठमाडौं।

२०८३।०४।०६

झमक बहादुर कटुवाल

नि. प्रमुख प्रशासकीय अधिकृत

**सादर अवगतार्थ/बोधार्थ:**

श्री गाउँपालिका अध्यक्षज्यू, सोताङ गाउँपालिका, सोताङ, सोलुखुम्बु।

श्री उपाध्यक्षज्यू, सोताङ गाउँपालिका, सोताङ, सोलुखुम्बु।

श्री ५ वटै वडा कार्यालयहरू (पत्रमा उल्लेखित मिति, समय र स्थानमा सञ्चालन हुने शिविरको सूचना प्रवाह गरिदिनुहुन।)

श्री सूचना तथा सञ्चार प्रविधि शाखा (वेवसाइटमा प्रविष्ट गरिदिनु हुन।)